नि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९   स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक ६६   २०७७ साल असोज १७ गते शनिबार (3 Oct. 2020 Saturday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता बिपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : साङ्लोदेखि उज्यालोसम्म ... ३ पृष्ठमा : यी हुन कोरोना भाइरसबाट.. ३ पृष्ठमा : ट्रम्प र मेलानीया ...

## बृद्धभत्ता लिन जेष्ठ नागरिकलाई बैंक पुग्नै समस्या
## ९९ वर्षिया बचियादेवी सिढी चढ्दा चढ्दै लडिन

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सरकारले जेष्ठ नागरिकहरुलाई दिँदै आएको बृद्ध भत्ता लिन अहिले जेष्ठ नागरिकलाई बैंकसम्म पुग्न धौं धौं पर्ने गरेको छ । शारीरिक रुपमा असक्त भएकाहरुलाई सो भत्ता लिन बैंकसम्म पुग्न अत्यन्त कठिनाई हुने गरेको छ ।

अधिकांश बैंक पहिलो तल्ला वा माथिल्लो तल्लामा रहेका हुनाले बृद्धबृद्धाहरुलाई सिंढी चढेर बैंकसम्म छपुग्न निकै सकस गर्नु परेको छ ।

यसैबीच शुक्रबार राजविराजस्थित सेन्चुरी बैंकमा राजविराज १५ की ९९ वर्षिया बृद्धा बचियादेवी यादव बृद्ध भत्ता लिन पुग्दा सिंढी चढ्दा चढ्दै बेहोस भएर लडिन । उनको साथमा आएकी बुहारी सोनाबत्तिले जसोतसो सासुलाई सम्हालेकी थिईन् । उनले अन्य ग्राहकहरुसँग पनि सहयोग गरिदिन आग्रह गरिन् ।

सिटी रिक्सामा ५ सय रुँपैया भाडा तिरेर रिजर्भ गरि उनी बृद्ध भत्ता लिन आउछिन् । शारीरिक रुपमा अत्यन्त असक्त रहेकी बचियादेवी घरमै ल्याएर बृद्ध भत्ता बितरणको व्यवस्था हुन सकेमा आफूलाई सहज हुने र खर्च पनि बच्ने बताउछिन् ।



राजविराज १५ की ९९ वर्षिया बृद्धा बचियादेवी यादवलाई उनकी बुहारी सोनाबत्ति देवीले सम्हाल्दै । *तस्विर : राजविराज दैनिक*

उनको पति बौवालालको २९ वर्ष अगाडी मृत्यु भएको तथा कान्छो छोराको पनि १४ वर्षअघि निधन भएको र जेठा छोरा छुटिएर अलग बसेका कारण कान्छी बुहारी सोनाबत्तिको आश्रयमा उनी बस्दै आएकी छिन् ।

कहिलेकाँही कान्छी बुहारी सोनाबत्ति पनि फुर्सदमा नरहने भएकाले छरछिमेकीको सहारा लिएर भएपनि उनी राजविराज पुग्ने गरेकी हुन् ।

मोटरसाइकल वा सिटी रिक्सामा एक्लै बस्ने नसक्ने, हिडडुल पनि गर्न नसक्ने भएकाले एक जना उनलाई सहारा दिने मानिसको आवश्यकता पर्ने गरेको बुहारी सोनाबत्तिले सुनाइन् ।

यस्तो समस्या बचियादेवीले मात्र नभई जिल्लाका अन्य असशक्त बृद्धबृद्धाहरुले पनि भोगिरेहका छन् । बृद्ध उमेरमा हिडडुल गर्न सक्ने नभएकाले एक्लै बैंकमा आउन उसै पनि गाह्रो, त्यसमाथी बैंकको दोश्रो र तेश्रो तल्लामाथी सिढी चढेर जान झनै

*बाँकी तीन पृष्ठमा*

## सप्तरीमा थप एक पुरुषको कोरोना संक्रमणबाट मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरीको विष्णुपुर गाउँपालिका ५ का ६७ वर्षीय एक पुरुषको कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

मधुमेह, उच्च रक्तचाप तथा मिर्गौला रोगको समस्याका कारण विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचारका लागि भर्ना भएका उनको बिहीबार मृत्यु भएको हो ।

यता कोरानाबाट जिल्लामा मृत्यु हुनेको संख्या १६ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

## स्व. रायप्रति अध्यक्ष यादवद्वारा श्रद्धाञ्जली

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ तरही पुगेर पुर्वसांसद हरिप्रसाद रायको स्मृतिमा श्रद्धाञ्जली दिएका छन् ।

तरहीमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा अध्यक्ष यादवले स्व. रायको तस्वीरमा फुलमाला अर्पण गर्दै श्रद्धाञ्जली दिएका हुन् । सो अवसरमा स्व. रायको परिवारजनलाई समेत अध्यक्ष यादवले भेटघाट गरेका थिए ।

नेपाली काँग्रेस सप्तरीका पूर्व सभापति समेत रहेका राय ०४८ सालको निर्वाचनमा सप्तरी क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका थिए ।

*बाँकी तीन पृष्ठमा*

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## संशोधनका लागि आन्दोलनको तयारीमा जुट्न कार्यकर्तालाई उपेन्द्र यादवको निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले संघीयता कार्यान्वयका लागि अहिलेको संबिधानमा संशोधन आवश्यक रहेकोले संशोधनका लागि आन्दोलनको तयारीमा जुट्न कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

पार्टीको अगुवा कार्यकर्ता

*बाँकी दुई पृष्ठमा*



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · PRABHU Money Transfer · CITY EXPRESS · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

# एक लाख ४० हजार चालक अनुमतिपत्र वितरण गर्न बाँकी

काठमाडौं, १६ असोज (रासस) ।

एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले झण्डै एक लाख ४० हजार चालक अनुमतिपत्र वितरण गर्न बाँकी रहेको छ । बन्दाबन्दीमा यातायात व्यवस्था विभागले सबै अनुमतिपत्रको छपाइ गरिसकेकाले यी अनुमतिपत्र वितरण गर्न बाँकी भएको हो । कार्यालयले अहिले दैनिक एक हजार ८०० देखि दुई हजार ५०० सम्म दैनिक वितरण गरिरहेको जनाएको छ । बन्दाबन्दीकै बीचमा कार्यालयले अनुमतिपत्र वितरण केही समयका लागि रोकेको कार्यालयका प्रमुख डम्बरबहादुर कार्कीले बताउनुभयो । उहाँका अनुसार अहिले सकेसम्म स्वास्थ्य सावधानी अपनाएर वितरणको काम भइरहेको छ । कार्यालयले दूरी कायम गर्न प्रचारात्मक सामग्री टाँसेको छ भने साबुनपानी र स्यानिटाइजरको व्यवस्था गरेको छ । उहाँले भन्नुभयो, "हामीले स्वास्थ्य सावधानी अपनाउन लगाउनेभन्दा सेवाग्राही आफैं पनि सजग हुनुपर्छ ।"

सरकारले गत चैतदेखि जारी बन्दाबन्दी असारदेखि खुला गरेपछि कार्यालयले असारसम्मको अनुमतिपत्र वितरण गरेको छ । कार्यालयले दिँदै आएको तीन सेवामध्ये छापिएर आएका अनुमतिपत्र वितरण र नवीकरण गर्दै आएको छ भने नयाँ अनुमतिपत्र हालका लागि स्थगन गरेको छ । कार्यालयमा दूरी कायम गर्न कठिन भएकाले हालका लागि नयाँ अनुमतिपत्रको परीक्षा स्थगन छ । उहाँले भन्नुभयो, "प्रदेश सरकारले निर्णय नै गरेर नखुलाउँदासम्म यो सेवा तत्काल खुल्दैन ।"

काठमाडौँ उपत्यकालगायत प्रदेशभरका विभिन्न जिल्लामा सङ्क्रमण बढिरहेकाले यहाँका सबै कार्यालयले नयाँ चालक अनुमतिपत्र बन्द गरेको उहाँले जानकारी दिनुभयो । केही वर्ष पहिलेसम्म चालक अनुमतिपत्र बनाउन यही कार्यालयमा भीड हुन्थ्यो । काठमाडौँ उपत्यकामा हाल चार कार्यालयबाट यो सेवा दिइँदै आइएको छ । सबैभन्दा बढी सेवाग्राहीको भीड भने एकान्तकुनास्थित कार्यालयमा नै देखिन्छ । अहिले पनि यहाँ खटिएका सुरक्षाकर्मीलाई भीड व्यवस्थापन गर्न कठिन भएको देखिन्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# साइलोदेखि उज्यालोसम्म उमाकान्तको यात्रा....

नारायण ढुङ्गाना

सप्तरी, १६ असोज (रासस) ।

शरद ऋतु उकालिँदै गर्दा पनि धपक्क गर्मी । झम्के साँझमा बाँदलको घेराले अझ धुमिल बनाउँदै गरेको घाम पश्चिम किनारामा ओलर्दै थियो । सप्तरी जिल्लाको अग्निसाइर कृष्णसवरन गाउँपालिका-१ घोघिदहाको चौधरी बस्तीमा अस्ताउँदो घामका किरण रुखका चेपबाट चिहाइरहेथ्यो । बस्तीको एउटा आँगनमा उपस्थित समुदायको मुहारमा भने झुल्के घामकै चमक देखियो । गाउँका ४६ वर्षीय उमाकान्त चौधरी २२ महिनापछि गाउँ फर्कने खुशीले हरेकका मुहार उज्यालिएको थियो ।

अँधेरो कटेरोमा १३ वर्षसम्म रुखमा जरा जेलिएझैं साइलोमा जेलिएर अनि त्यही घाउमा किरा परेर बसेका मनोरोगी चौधरी यसरी हट्टाकट्टा अवस्थामा फर्किन्छन् भनेर गाउँलेले चिताएका थिएनन् । उहाँ आउने खबर गाउँभरि भुसको आगोजस्तै फैलियो । असोज १४ गते बुधबार चौधरीको आँगन र गोरेटामा बिहानैदेखि बाक्लै आउजाउ चल्यो । कति खेर आउने भनेर पटकपटक गाउँलेले सोधखोज गरिरहे । बाइस महिनाअघिको उमाकान्त हेर्न उत्कट चाहनाले हरेकका आँखा मूल बाटोमै घरीघरी सोझिन्थे । साइलोबाट अब उज्यालोतिरको यात्रामा लम्किएका उमाकान्त चौधरीको यात्रा हेर्न समुदाय उत्सुक देखिए ।

उता उमाकान्त हेटौंडाबाट लामो यात्रा तय गरी सरर गाडीमा गाउँ पस्नुभयो । गाउँले बाटोमै ओइरिएका थिए । गाडीबाट ओर्लंदै गर्दा उहाँलाई संरक्षण दिएको संस्था मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले भन्नुभयो, "ल अब आफ्नो घर कुन हो, आफैं चिनेर जानुस् त ।" 'हुन्छ' छोटो जवाफ दिँदै मुसुक्क हाँस्नुभयो । अनि फटाफट हिँडेर घरको फाटक खोल्दै गृह प्रवेश गर्नुभयो । त्यति बेलासम्म आसपास गाउँले सबै ओइरिसकेका थिए ।

मनोरोग लागेका र त्यसमाथि १३ वर्ष साँङलोमा बाँधिएर कष्टको जीवन बेहोरेका व्यक्ति आम मानिसझैं खुरुखुरु हिँड्ला, सबैसँग कुरा गर्ला र घर परिवार चिन्ला भन्ने कुनै आशा थिएन । त्यसको विपरीत उमाकान्तले आँगनमा सारा गाउँलेलाई पहिलेझैं अभिवादन फर्काउनुभयो । मनोरोगले विछिप्त रहेका बेला कसैलाई नचिन्ने उहाँले धेरैलाई नामसहित बोलाउनुभयो । जम्मा भएकाको अनुहारमा आश्चर्य र अपनत्व दुवै छचल्कियो । घरभन्दा झण्डै ५०० मिटर पर पूर्वपश्चिम राजमार्गमा उमाकान्त आएको थाहा पाउने बित्तिकै केही गाउँले गाडीमै भेट्न पुगेका थिए । त्यही समयमा केही गाउँलेले दुःखसुख साट्न भ्याए । चिना पहिचानबारे राम्रै भलाकुरासी भयो । उमाकान्तले एक/एक गर्दै चिन्नुभयो । पहिले डराउने गाउँले अहिले समिपमा गएर दङ्ग परे ।

घरभित्र पस्नु अघि तेह्र वर्षसम्म आफूलाई बाँधेर राखेको कटेरो पुलुक्क हेर्नुभयो, तर त्यता हैन मूल ढोकातर्फ मोडिँदैभित्र पस्नुभयो । उहाँलाई बाँधेर राख्ने गरिएको कटेरो अहिले दाउरा र पराल ले भरिएको थियो । उमाकान्तलाई स्वागत गर्न घरको मूल ढोकामा घडा थापिएको थियो । तामाको थालीमा दियोबत्ती फूलमाला, अक्षतापाती, अबीरका साथ पत्नी सुशीला र काकी फलेश्वरीले स्वागत गर्नुभयो । ढोकैमा पुजा शुरुभयो । छोरा सग्लो फर्केको देख्दा वृद्धा आमा पल्टीदेवीको आँखा रसाए । पत्नी र छोरीहरु पनि सुक्कसुक्क गर्न थाले । केही बेर चकमन्न मौनता छायो । हर्षका आँशुले हेर्नेका मन पनि पग्लिए । मौनता तोड्दै काकी फलेश्वरी चौधरीले धुपबत्ती र पूजा गर्दै भन्नुभयो, "न जिउँदो न मर्ने अवस्थाको मान्छेले नयाँ जीवन पाएको छ, सदासर्वदा सुखी होस्, पहिलोको जस्तो कष्ट भोग्नु नपरोस् ।"

कान्छी छोरी दिपीकाकुमारीले सोध्नुभयो, "हमरा चिनै छि ।" उमाकान्तलाई छोरीले जिस्काएको भान भयो । मन्द मुस्कार छरेर टाउको हल्लाउनुभयो अनि खुशी साट्नुभयो । गाउँले मैथली भाषामा उमाकान्तकै बारेमा एकअर्कामा खासखुस गरिरहे । उमाकान्तको फिर्तिमा सबैले बधाई दिएर खुशी साटे । सन् २०१८ की मिस नेपाल शृङ्खला खतिवडा पनि त्यस स्वागतको एक सहभागी हुनुहुन्थ्यो । पुनर्मिलनको त्यो नौलो अनुभूति उहाँले गाउँलेकै साथमा साट्नुभयो । गाउँलेको खुशीमा उहाँको खुशी पनि मिसिएको थियो । मलिन स्वरमा भन्नुभयो, "मायाले सब ठिक हुन्छ भन्ने एउटा उदाहरण हो, आफ्ना परिवारलाई आश्रमले झैं मायाँ गरौं ।"

स्वागत गर्न प्रदेशसभा सदस्य रुवी कर्ण दिउँसोदेखि नै प्रतीक्षारत हुनुहुन्थ्यो । गृहप्रवेश गराउँदै उहाँले राज्यले गर्नुपर्ने काम गरिएको भन्दै आश्रमको खुलेर प्रशंसा गर्नुभयो । "यो त नमूना काम भयो, चेतनाको अभावमा मानिसलाई पागल भनेर हेप्ने अवस्थाले कतिको बुबा, छोराछोरी, श्रीमान्, श्रीमती गुमिरहेको छ", कर्णले भन्नुभयो, "समाजको दृष्टिकोण परिवर्तन जरुरी छ ।" उहाँले यस विषयमा प्रदेशसभामा आवाज उठाउने र अभियानमा सरिक हुने प्रतिबद्धता पनि जनाउनुभयो । त्यही बेला गाउँपालिकाको वडासदस्य हीरादेवी सिंहले वडाको प्रतिनिधित्व गर्दै मानवीय काम गरेको भनेर मानवसेवा आश्रमका सदस्यलाई दोसल्लासहित फूलमाला र अबीरलगाएर सम्मान गर्नुभयो ।

विगत सम्झँदै स्थानीय पत्रकार मनोहर पोखरेलले भन्नुभयो, "उहाँसँगै बाँधिएका बाखाका गलाबाट बेलाबेलामा दाम्लो फुक्थ्यो, तर उहाँको हातबाट कहिल्यै साङ्लो फुकेन, त्यही मान्छे शुक्रबार सामाजिक जीवनमा फर्किंदा गर्व महसुस भएको छ ।" पोखरेलकै सहयोगमा आश्रमले उमाकान्तलाई उद्धार गरेको थियो । कसैले नगरेको काम आश्रमले गरेको भनेर तत्कालै अभियानमा ईंटा थप्ने भन्दै उहाँले परिवारको तर्फबाट रु १० हजार सहयोग पनि गर्नुभयो ।

गृह प्रवेशका क्रममा आश्रम अध्यक्ष अधिकारीका पनि आँखा रसाए । उमाकान्त आश्रमको सम्पत्ति भइसकेकाले त्यो पुनर्मिलन समारोह उहाँका लागि पारिवारिक बिछोड बन्यो । घर फर्काउने चाहना नहुँदानहुँदै उमाकान्तले परिवारको याद धेरै गर्न थालेपछि मन बाँधेर पुनर्मिलन गराउनुपरेको उहाँले सुनाउनुभयो । "मान्छे खानाको भन्दा प्रेमको भोको छ", अधिकारीले थप्नुभयो, "हामीले उहाँलाई खास केही गरेका होइनौं त्यही प्रेम दिएका थियौं, चिकित्सकले भनेअनुसार औषधि दिएका हौं ।" अधिकारीका अनुसार उमाकान्तलाई अहिलेको अवस्थामा फर्काउन आश्रमले २२ महिना उपचार, औषधि र मायासहितको अथक प्रयास गर्‍यो ।

तेह्र वर्षदेखि साङलोमा बाँधिदा कुँजिएको शरीर, रुखमा लहरा बेरिएर जेलिएझैं हातको मासुमा जेलिएको साङलो देख्दा सबैको मन कटक्क भएको थियो । देख्ने/सुन्नेहरु आङ जिरिङ्ग पार्थे । भिडियो हेरेर कति आत्तिन्थे । घाउमा किरा परेको थियो । नजिक जान सबै डराउँथे । त्यो परिवारले दैनिक भोग्दै आएको समस्या हो । एक दिन एकजना परिवारका सदस्यलाई खुर्पाले हानेको अनुभव उनीहरुसँग छ । त्यही अवस्थाबाट आश्रमका प्रवक्ता सुमन बर्तौलाको अगुवाइनमा उहाँको २०७५ साल मङ्सिर २२ गते उद्धार गरिएको थियो । कसैसँग नमानेका उमाकान्त सुमनसँग परिचितझैं व्यवहार गरेको गाउँले स्मरण गर्छन् । उमाकान्तको हातमा जेलिएको साङलो निकाल्न शल्यक्रिया नै गर्नुपरेको बर्तौला सुनाउनुहुन्छ ।

उहाँको झण्डै छ महिनासम्म सामाजिक चेत आएको थिएन । आश्रम परिवारलाई विभिन्न गाली/गलौज गरेर तर्साउनुहुन्थ्यो । एक मन त ठीक हुँदैन की भन्ने आशङ्का पनि पलायो । छ महिनापछि बिस्तारै चेतना फर्किंदै आएपछि खुशीको बहार शुरु भएको अधिकारी सम्झनुहुन्छ । झण्डै दुई वर्षे उपचारमा रु पाँच लाख खर्च गरेर आश्रमले उमाकान्तको जीवन फर्काएको हो ।

उमाकान्त दाइ के गरिरहनुभएको होला भनेर मनमा खुल्दुली लागेपछि अधिकारी बिहीबार पुनः भेट्न उहाँको घर पुग्नुभयो । उहाँ घरमा हर्षित मुद्रामा कुर्सीमा बसिरहनुभएको थियो । देख्ने बित्तिकै नमस्कार गर्नुभयो । राम्री कुराकानी गर्नुभयो । ल्याएको मिठाई बाकस खोलेर खानुभयो । अधिकारीले औषधि खुवाउने विधिबारे छोरीलाई सिकाउनुभयो । परिवारका अनुसार उहाँ बिहान हिँडडुल गर्ने र घरायसी काममा समेत सरिक हुनथाल्नुभएको छ । "तपाई अब घरमै बस्ने की आश्रम जाने", राससको जिज्ञासामा उमाकान्तले भन्नुभयो, "दुवै ठाउँमा पालैपालो बस्ने ।" कुराकानीका क्रममा उहाँले आफूलाई बाँधेर राखेको ठाउँ देखाउनुभयो । तेह्र वर्षसम्म साङलोले बाँधिएर बनेको घाउको खाटा देखाउँदै खिस्स हाँस्नुभयो ।

पन्ध्र वर्ष अघि उमाकान्तमा कुनै समस्या थिएन । नियमित खेती/किसानी गर्ने, हलो जोत्ने सबै काम आफैं गर्नुहुन्थ्यो । चार सन्तानका बाबु उहाँमा बिस्तारै टोलाउने र निद्रा नलाग्ने हुन थाल्यो । आमा पल्टीदेवीका अनुसार नौ पटक धरानमा लगेर उपचार गरिएको थियो । परिवारले गर्ने जति गरे । निको हुनुभन्दा झन आक्रामक बने । आस मारेर बाँधिएको थियो । फेरिएको देखेपछि पल्टीदेवीले आफ्नै भाषामा भन्नुभयो, "विश्वास नै छलो, ठीक हे तोइ ।" धेरै प्रयास गर्दा पनि जीवन फर्काउन नसकेको छोरालाई नयाँ जीवन दिएर आश्रमले ठूलो गुन लगाएको पल्टिदेवीको भनाइबारे स्थानीय उपेन्द्र दासले दोभासेको रुपमा बताउनुभयो ।

दुई/तीन वर्ष नै परिवारले उपचार प्रयास गरेका थिए । रिसाहा व्यवहार देखाउन थालेपछि मानिसलाई आक्रमण गर्ने डरले बाध्यताबस परिवारले बाँधेको स्थानीय दुर्गानन्द चौधरी सुनाउनुहुन्छ । आश्रमले यस्तै कष्टकर जीवन व्यातीत गरिरहेका बेसहारा, मनोरोगी र असहायको उद्धार गरी संरक्षण गर्दै आएको छ । मुलुकका विभिन्न १५ जिल्लाका २१ आश्रममा एक हजार १०० भन्दा बढी बेसहारालाई संरक्षण दिइरहेको आश्रमले परिवारबाट बिछोडिएर सडकमा पुगेका ६०० भन्दा बढीलाई यसैगरी परिवारमा मिलन गराइसकेको छ ।

"हाम्रो एक मात्रै लक्ष्य हो मुलुकलाई सहयोगापेक्षी सडकमानव मुक्त देश बनाउने, सबैको साथ पाए सम्भव छ", अधिकारीले भन्नुभयो । पछिल्लो समयमा सरकारको समेत साथ पाउने थालेको उहाँले सुनाउनुभयो ।

## संशोधनका लागि...

भेलालाई शुक्रबार सप्तरीको बोदे बर्साइनमा सम्बोधन गर्दै उनले जनताको त्याग र संघर्षबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र खतरामा पर्न लागेकोले तत्काल संविधानमा भएका त्रुटीहरुलाई संशोधन गरी प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्नुपर्नेमा जोड दिए ।

काँग्रेस र कम्युनिष्ट शक्ति असफल भईसकेकाले मुलुकमा अब नयाँ वैकल्पिक शक्तिको आवश्यकता रहेकोले आफूहरु लागिपरेको समेत बताएका छन् ।

उनले मुलुकका पुराना शक्तिहरु काँग्रेस र कम्युनिष्ट असफल भईसकेकाले मधेशमा भएका शक्तिहरुलाई एकिकृत गरी पहाडका उत्पीडित शक्तिहरुलाई समेत समेटेर सिंहदरबारमा बर्चस्व कायम गर्न नयाँ बैकल्पीक शक्ति निर्माणको अभियान जुटेको बताए ।

उनले भने, हामीले राजपासँग एकता गर्‍यौं र अब अन्य शक्तिहरुलाई समेत समेटिन खोज्दै छौं त्यसैले साना तिना कुराहरुमा बिवाद नगरी पार्टीलाई एकढिका बनाएर लैजानु सबै नेता कार्यकर्ताहरुको दायित्व हो ।

पार्टी संगठनका कार्यकर्ताहरुमा देखिएको असन्तुष्टीहरुलाई बिस्तारै सम्बोधन गर्दै जाने उल्लेख गर्दै अध्यक्ष यादवले पार्टी एकता भएर समायोजनको प्रक्रियामा रहेकाले सबै नेता कार्यकर्ताहरुको सम्मानजनक समायोजन हुने बताए ।

संघीय व्यवस्थालाई संस्थागत गर्दै जनताको जीवनमा परिवर्तन ल्याउनु र फस्टाउँदै गएको भ्रष्टाचार अन्त्य गर्नु अहिलेको आवश्यकता भएपनि संघीय सरकार यी सबै अभिभारा पुरा गर्न असफल भएको आरोप लगाउँदै अध्यक्ष यादवले काँग्रेस समेत सरकारको लाचार छायाँ भएको टिप्पणी समेत गरे ।

भेलामा पार्टीका नेता तथा प्रदेश २ सरकारका भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साह, राष्ट्रियसभा सदस्य शेखर सिंह, प्रदेशसभा सदस्यहरु मनिष कुमार सुमन, बिन्देश्वर यादव (बिक्की), नेत्रबिक्रम साह तथा अगुवा नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# यी हुन कोरोना भाइरसबाट संक्रमित विश्व नेता

जोहन्सबर्ग, १६ असोज (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कोरोना भाइरसबाट सङ्क्रमित भएकासँगै उहाँ पनि कोरोना भाइरसबाट सङ्क्रमित विश्व नेताहरुको सूचीमा पर्नुभएको छ ।

यसअघि अन्य केही देशका राष्ट्र तथा सरकार प्रमुखहरु पनि कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको थियो । उहाँहरुको छोटो चर्चा यहाँ गरिएको छ ।

**बेलायतका प्रधानमन्त्री बोरिस जोनसन**

बेलायती प्रधानमन्त्री बोरिस जोनसन कोरोना भाइरसबाट सङ्क्रमित हुने विश्व नेताहरुमध्ये पहिलो हुनुहुन्छ । उहाँलाई गत अप्रिलमा सङ्क्रमित भएपछि आइसियुमै राख्नुपरेको थियो । उहाँलाई अस्पतालमा भर्ना गरेर अक्सिजन नै दिनुपरेको थियो । तर भेन्टिलेटरको आवश्यकता भने परेको थिएन । उहाँले एकान्तवासमै बसेर पनि केही सीमित व्यक्तिहरुसँग कुराकानी गर्दै आफ्नो कामहरु पनि गर्नुभएको थियो ।

**ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारो**

ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोलाई गत जुलाईमा कोरोना भाइरसको सङ्क्रमण भएको थियो । उहाँले सङ्क्रमित भएको बेला मलेरिया विरुद्धको औषधि प्रयोग गरेर कोरोना भाइरसका लागि मलेरिया विरुद्धको औषधिले काम गर्छ भन्ने सन्देश पनि दिन खोज्नुभएको थियो । त्यो अहिले पनि अप्रमाणित नै रहेको छ । उहाँले सामाजिक दुरी काम गर्ने, मास्कको प्रयोग गर्नेलगायत मान्यतालाई बेवास्ता गर्ने गर्नुभएको थियो । उहाँ लकडाउन विरोधी नेताका रुपमा पनि चिनिनुहुन्छ । उहाँको श्रीमती पनि सङ्क्रमित हुनुभएको थियो ।

**होन्डुरसका राष्ट्रपति हुवान ओर्लान्डो हर्नान्डेज**

होन्डुरसका राष्ट्रपति हुवान ओर्लान्डो हर्नान्डेजलाई गत जुन महिनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको थियो । राष्ट्रपति हर्नान्डेजसँगै उहाँकी आफ्नी श्रीमती र दुई जना सहयोगीमा पनि संक्रमण देखिएको थियो । तर उहाँमा लक्षण भने सामन्य मात्रै देखिएको उहाँले बताउनुभएको थियो । उहाँले आफूमा सङ्क्रमण भए पनि आफ्नो काम भने विद्युतीय माध्यमबाट गर्नुभएको थियो ।

**गुटेमालाका राष्ट्रपति एलेजन्ड्रो गियामाते**

कोरोना भाइरसबाट सङ्क्रमित भएका विश्व नेताहरुको सूचीमा गुटेमालाका राष्ट्रपति एजेन्ड्रो गियामाते पनि हुनुहुन्छ । उहाँलाई गत सेप्टेम्बरमा सङ्क्रमण पुष्टि भएको थियो । आफूलाई कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि टेलिभिजन सम्बोधनमार्फत उहाँले आफूलाई कुनै लक्षणहरु भने नदेखिएको उल्लेख गर्नुभएको थियो । उहाँले पनि आफू छुट्टै बस्ने र कार्यालयका काम भने गरिरहने बताउनुभएको थियो ।

**बोलिभियाका अन्तरिम राष्ट्रपति जेनिन अनेज**

बोलिभियाका अन्तरिम राष्ट्रपति जेनिन अनेज पनि कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको थियो । उहाँलाई गत जुलाईमा सङ्क्रमण भएको हो । सङ्क्रमित भएपछि उहाँ आइसोलेशनमा बस्नुभएको थियो । उहाँले त्यो बेलामा कुनै असजिलो भने महसुस गर्नुभएको थिएन । कोरोनाबाट संक्रमित हुने उहाँ ल्याटिन अमेरिकी तेस्रो राष्ट्रप्रमुख हुनुहुन्थ्यो । त्यसअघि ब्राजिली राष्ट्रपति बोल्सेनारो र होन्डुरसका राष्ट्रपति हर्नान्डेजमा पनि संक्रमण पुष्टी भएको थियो । अनेजको कार्यालयका केही सदस्यहरुमा संक्रमणको पुष्टि भएपछि उहाँको पनि परीक्षण गराउँदा उहाँमा संक्रमण देखिएको हो । बोलिभियामा सरकारका चार जना शीर्ष अधिकारीहरुमा समेत कोरोना सङ्क्रमणको पुष्टि भएको थियो ।

**डोमिनिकाका राष्ट्रपति लुइस अबिनाडेर**

गणतन्त्र मोमिनिकाका नवनिर्वाचित राष्ट्रपति लुइस अबिनाडेर जुलाईमा कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको थियो । उहाँ आफ्नो चुनाव प्रचारप्रसार अभियानकै क्रममा सङ्क्रमित भइ सङ्क्रमणमुक्त हुनुभएको समाचारमा जनाइएको छ । उहाँले आफ्नो निर्वाचन हुनु अगाडि नै हप्ता लामो आइसोलेशनमा पनि बस्नुपरेको थियो ।

**इरानका उपराष्ट्रपति र मन्त्रीहरु**

कोरोना भाइरसको महामारीको मध्यपूर्वको केन्द्रविन्दु बनेको इरानका पनि उपराष्ट्रपति र मन्त्रीहरु कोरोना भाइरसबाट सङ्क्रमित भएका थिए । देशका वरिष्ठ उपराष्ट्रपति इशाक जाहानगिरि र उपराष्ट्रपति मस्सौमेह इब्तेकरमा कोरोना भाइरसको सङ्क्रमण भएको पुष्टि भएको थियो । त्यस बाहेक मन्त्रिपरिषद्का अन्य सदस्यहरु पनि सङ्क्रमित भएका थिए ।

यीबाहेक रूसका प्रधानमन्त्री मिखाइल मिसुस्तिन, आर्मिनियाका प्रधानमन्त्री निकोल पसिनयान, बेलायतका राजकुमार चार्ल्सलाई पनि कोरोनाको सङ्क्रमण पुष्टि भएको थियो । त्यसैगरी धेरै देशका सरकार तथा राष्ट्र प्रमुखका श्रीमती तथा परिवारजन र धेरै देशका मन्त्रीसहितका उच्च अधिकारीहरु पनि कोरोना भाइरसबाट सङ्क्रमित भएका थिए । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण अहिलेसम्म विश्वभरी दश लाख २८ हजार १९६ जनाको मृत्यु भएको छ ।

कोरोनाबाट संसारभरी कुल तीन करोड ४५ लाख १७ हजार ४४६ जना सङ्क्रमित भएका छन् भने ती मध्ये दुई करोड ५६ लाख ८८ हजार ७७२ जना सङ्क्रमणमुक्त भएका छन् । सङ्क्रमित भएकाहरुको सङ्ख्याअनुसार हेर्दा सबैभन्दा धेरै सङ्क्रमितहरु अमेरिकामा रहेका छन् । अमेरिकामा अहिलेसम्म ७४ लाख ९४ हजार ६७१ जना सङ्क्रमित हुँदा दुई लाख १२ हजार ६६० जनाको मृत्यु भएको छ ।

त्यसैगरी सङ्क्रमितहरुको धेरै सङ्ख्याका आधारमा भारत, ब्राजिल, रुस, कोलम्बिया, पेरु, स्पेन, अर्जेन्टिना, मेक्सीको र दक्षिण अफ्रिका क्रमश: अग्र दश स्थानमा रहेका छन् ।

# आयआर्जनका लागि बुहारीलाई आर्थिक सहयोग

लहान, १६ असोज (रासस) ।

बन्दाबन्दी र निषेधाज्ञाले समस्यामा परेका सीमान्तकृत परिवारका २३ बुहारीलाई पशुपालन तथा साना व्यवसाय गरेर आत्मनिर्भर हुनका लागि अनुदान रकम प्रदान गरिएको छ ।

युकेएडको आर्थिक सहयोग र भीएसओ नेपाल तथा इन्टरनेशनल अलर्टको साझेदारीमा समग्र जनउत्थान केन्द्र लहान सिरहाद्वारा सञ्चालित 'समग्र लैङ्गिक उत्तरदायी न्यायमा पहुँच सुदृढीकरण परियोजना (सहज)'अन्तर्गत सिरहाका छ र सप्तरीका १७ गरी कूल २३ सीमान्तकृत परिवारका बुहारीलाई आयआर्जन गरी आत्मनिर्भर हुन अनुदान रकम प्रदान गरिएको हो । प्रति परिवारका बुहारीलाई रु ३० हजारको दरले अनुदान रकम उपलब्ध गराएको समग्र जन उत्थान केन्द्र लहानका निर्देशक देवराज पोखरेलले जानकारी दिनुभयो ।

यसरी अनुदान रकम पाउनेमा सिरहा नगरपालिका-१ का इन्दिला कुमारी पासवान, लक्ष्मीनियाँ कुमारी पासवान, उर्मिला मेस्तनी, अमृता कुमारी, संजु कुमारी पासवान र बिमला कुमारी सिंह रहेका छन् । त्यस्तै सप्तरीको बोदे बर्साइन नगरपालिका, राजविराज नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका १७ परिवारका बुहारीलाई पनि अनुदान रकम उपलब्ध गराइएको छ । यो रकमबाट उनीहरु बाखापालन, भैंसीपालन र अन्य साना व्यवसाय गर्ने बताइएको छ । उक्त रकमको चेक शुक्रबार सबै बुहारीलाई हस्तान्तरण गरेको निर्देशक पोखरेलले जानकारी दिनुभयो ।

घरमा आत्मसम्मान र निर्णय प्रक्रियामा सहभागिता बढाउन पनि बुहारीको आर्थिक सशक्तीकरणसँगै समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरूरी रहेकाले सहज परियोजनामार्फत यो अभियानको थालनी गरेको उहाँले बताउनुभयो ।

यसैगरी राजविराज नगरपालिका-५ का दुई परिवार र तिलाठी कोईलाडी गाउँपालिका-५ का पाँच परिवारलाई पनि आर्थिक सहयोग प्रदान गरेको समग्र जन उत्थान केन्द्रका जिविकोपार्जन सल्लाहकार रामनाथ साहले जानकारी दिनुभयो । उहाँले सहज परियोजनाको परिवार केन्द्रित पद्धतिअन्तर्गत आयआर्जनका लागि व्यवसाय गर्न सप्तरीको बोदे बर्साइन नगरपालिका, राजविराज नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका र सिरहाको सिरहा नगरपालिकाका ८० परिवारलाई रू.३० हजारका दरले आर्थिक सहयोग प्रदान गर्ने लक्ष्य लिएको बताउनुभयो ।

चेक हस्तान्तरण कार्यक्रममा भीएसओ नेपालका प्रतिनिधि सुनिल कुमार साह, बोदे बर्साइन नगरपालिका-५ का वडाध्यक्ष मो. मजेबुल रहमान, वडा सदस्य रूपनी देवी राम, समग्र जन उत्थान केन्द्रका स्थानीय सहजकर्ता लोकेन्द्रप्रसाद यादव, ओमप्रकाश ठाकुर, रिता पंडित, विणाकुमारी पंडित लगायतको सहभागिता थियो ।

### *वृद्धभत्ता लिन ...*

सकस रहेको पीडित बृद्धबृद्धाहरु बताउँछन् ।

यता स्थानीयले जेष्ठ नागरिकलाई राज्यले केही सहयोग पुगोस् भनी भत्ता उपलब्ध गराएपनि लिन जानका लागि साह्रै कष्ट रहेको बताउँदै असशक्तका लागि सरकारले घरदैलोमै भत्ता वितरणको व्यवस्था मिलाइदिनु पर्ने माँग गरेका छन् ।

यस्तै राजविराज नगरपालिका वडा नं. १५ का वडा अध्यक्ष रामप्रसाद यादवले असक्त बृद्धबृद्धाका लागि भत्ता लिन घरबाट पाँच किलोमिटर टाढाको बैंक धाउन समस्या रहेको स्किवार गर्छन् । जेष्ठ नागरिकको भत्ता बैंकबाटै दिने प्रावधान रहेका कारण चाहेर पनि केही गर्न नसकेको उनको भनाइ छ ।

### *स्व. रायप्रति ...*

नेपाली कांग्रेसको तर्फबाट निर्वाचित राय मधेश आन्दोलनका क्रममा तत्कालिन तराई मधेश लोकतान्त्रिक पार्टीमा आबद्ध भई मधेश आन्दोलनमा होमिएका थिए । मुटु, मिर्गौला र अल्सर रोगबाट पीडित रायको गत आईतवार असोज ११ गते उपचारको क्रममा निधन भएको थियो ।

# गाई काट्ने तीन पक्राउ

वालिङ, १६ असोज (रासस) ।

गाई काटेर खाने तीन जनालाई प्रहरीले बिहीबार सार्वजनिक गरेको छ । स्याङ्जाको गल्याङ नगरपालिका-९ जौबारीमा गत आइतबार राति १०:०० बजे गाई काटेर मासु भाग लगाएको भन्ने सूचनाका आधारमा प्रहरीले बुधबार पक्राउ गरी बिहीवार सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक एवं प्रहरी प्रवक्ता राजेन्द्रप्रसाद अधिकारीका अनुसार गल्याङ-९ का ३८ वर्षीय नारायण भुसाल, २४ वर्षीय डोलुराम नेपाली र वालिङ-१३ बस्ने ३२ वर्षीय रामबहादुर सार्की पक्राउ परेका हुन् । उनीहरुले मासु खानका लागि जिउँदो गाई काटेर मासु भाग लगाएको र टाउको र खुट्टा जौबारीस्थित नारायण भुसालको बाँफो जमिनमा खाडल खनी पुरेको खुल्न आएको प्रहरी प्रवक्ता अधिकारीले बताउनुभयो । प्रहरी, पशु सेवा कार्यालय गल्याङका पशु चिकित्सक, प्राविधिकसहितको टोलीले उक्त स्थानमा गई खाडल खोतलेर हेर्दा गाईको टाउको, चार खुट्टा, आन्द्रा र भुँडी कुहेको दुर्गन्धित अवस्थामा फेला परेका थिए ।

## विश्व समाचार

# ट्रम्प र मेलानीया दुवैलाई कोरोना संक्रमण

वासिङ्टन, १६ असोज (रासस-एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानीया ट्रम्प दुवैलाई कोरोना भाइरस संक्रमण भएको छ ।

ट्रम्पले बिहीबार ट्वीट गर्दै भन्नुभयो, "म र प्रथम महिला दुबै कोभिड-१९ बाट संक्रमित भएका छौं । हामी दुबै क्वारेन्टिनमा छौं ।" यसअघि राष्ट्रपति ट्रम्पले आफ्ना वरिष्ठ सल्लाहकार होप हिक्सलाई कोरोना संक्रमण देखिएको बताउनुभएको थियो । हिक्सलाई कोरोना पोजेटिभ भएसँगै राष्ट्रपति ट्रम्प र मेलानीया दुबैले कोरोना परीक्षण गराउनु भएको थियो ।

# भारतमा कोरोनाबाट मृत्यु भएकाहरु एक लाख नजिक, ६३ लाख संक्रमित

नयाँ दिल्ली, १६ असोज (रासस-एएनआई) ।

भारतमा पछिल्लो २४ घण्टामा ८१ हजार ४८४ जना कोरोनाभाइरस संक्रमित व्यक्ति थपिनुका साथै एक हजार ९५ जना थप व्यक्तिको मृत्यु भएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा शुक्रबारसम्ममा कूल संक्रमितको संख्या ६३ लाख ९५ नाघेको छ । यस्तै कोरोना संक्रमितमध्ये मृत्यु भएका व्यक्तिको संख्या ९९ हजार ७७३ हजार पुगेको छ । भारतमा ५३ लाख ५२ हजार व्यक्ति निको भए पनि अझै ९ लाख ४२ हजार मानिस सक्रिय संक्रमित अवस्थामा छन् ।

सर्वाधिक प्रभावित महाराष्ट्रमा २ लाख ५९ हजार व्यक्ति सक्रिय संक्रमित रहेका छन् भने ३७ हजार ५६ जनाको ज्यान गएको छ । यस्तै कर्नाटकमा एक लाख १० हजारभन्दा बढी व्यक्ति सक्रिय संक्रमित अवस्थामा रहेका र ८ हजार ९९४ जनाको मृत्यु भएको छ । केरला राज्यमा ७२ हजारभन्दा बढी व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन् भने ७७१ जनाको ज्यान गइसकेको छ । यहाँ १ लाख ३१ हजारभन्दा बढी व्यक्ति निको भएका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदले हालसम्म ७ करोड ६७ लाख नमूना परीक्षण गरेको जनाएको छ ।

# राहुल र प्रियंकासहित दुई सय जना विरुद्ध मुद्दा दर्ता

गौतमबुद्ध नगर, १६ असोज (रासस/एएनआई) ।

भारतको प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसका निवर्तमान अध्यक्ष राहुल गान्धी र महासचिव प्रियंका गान्धीसहित झण्डै दुई सय जना विरुद्ध मुद्दा लगाइएको छ ।

भारतीय दण्ड संहिता उलंघन गरेको आरोप लगाउँदै उहाँहरुका विरुद्धमा मुद्दा दायर गरिएको सरकारी अधिकारीहरुले जानकारी दिएका छन् । गौतमबुद्ध नगर प्रहरीले गान्धीद्वय र अरु दुई सय जनाले दण्ड संहिताको धारा १८८, २६९ र २७० को उलंघन गरेको दावी गरेको छ ।

यसअघि संहिता उल्लंघन गरेकै आरोपमा उहाँहरुलाई उत्तर प्रदेश प्रहरीले यमुना द्रुतमार्गबाट बिहीबार गिरफ्तार गरेको थियो । सामूहिक बलात्कारपछि हत्या गरिएकी बालिकाका परिवारजनलाई भेट्न उनको घर हथ्रासतर्फ गइरहेका बेला उहाँहरुलाई गिरफ्तार गरिएको हो ।

बलात्कार पीडितको मंगलबार उपचारकै क्रममा दिल्लीको सफदरजङ अस्पतालमा निधन भएको थियो । गत सेप्टेम्बर २९ तारिखका दिन सामूहिक बलात्कारपछि हत्या गरिएकी ती बालिकाको घर रहेको हथ्रासतर्फ गइरहेका बेला उहाँहरुको सवारी साधनलाई प्रहरीले रोकेपछि उहाँहरु हिँडेरै त्यसतर्फ लागेपछि प्रहरीले गिरफ्तार गरेको हो ।

प्रहरीले अवरोध गरेर गिरफ्तार गरेपछि उहाँले आक्रोशित हुँदै प्रश्न गर्नुभएको थियो, "के यो मुलुकमा मोदीजी मात्रै हिँड्न पाउने व्यवस्था छ ?" उहाँले भारतमा सामान्य मान्छेहरु हिँड्न पनि नपाएको भन्दै आक्रोश व्यक्त गर्नु भएको थियो । नेता गान्धीले आफूलाई प्रहरीले जबरजस्ती समातेर लाठीचार्ज गरेको, भुइँमा लडाएको र धकेलेको आरोप पनि लगाउनु भएको छ ।

उहाँले आफ्ना सवारी साधनहरु रोकिएकाले आफूहरु हिँडेको भन्दै प्रहरीलाई आफूलाई हिँड्न दिन आग्रह गर्नुभएको थियो । "म एक्लै हथ्रासतर्फ हिँडेर जान चाहन्छु, कृपया मलाई हिँड्न दिनुस्, मलाई नरोक्नुस्, मलाई तपाईहरुले किन गिरफ्तार गर्दै हुनुहुन्छ ?," उहाँले भन्नु भएको थियो ।

# सार्वजनिक शौचालय तथा दिसाजन्य लेदो ब्यबस्थपान ट्रेन्चको उद्घाटन

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

खुला दिसा मुक्त घोषणा भईसकेपछि दिसाजन्य लेदोको व्यवस्थापन चुनौतिको रुपमा बढदै गईरहेको बेला एसएनभि नेपालले सप्तरीमा पहिलो पटक कल्याणपुर बजारमा दिशा जन्य लेदो ब्यबस्थापनका लागी ट्रेन्च संचालनमा आएको छ ।



शुक्रवार एक कार्यक्रम बिच खडक नगरपालिका वडा नं. ७ कल्याणपुरमा नगर प्रमुख हेमायु हक तथा उपप्रमुख यासमिन सुल्तानले सार्वजनिक शौचालय तथा दिसा जन्य लेदा व्यवस्थापनका लागि बनाइएको ट्रेन्च उदघाटन गरेपछि संचालनमा आएको हो ।

एस एन भि नेपालको आर्थिक सहयोगमा महुली सामुदायिक विकास केन्द्रद्वारा खडक नगरपालिकासंगको समन्वयमा ७ लाखको लागतमा बनेको उक्त चर्पी भित्र महिला तथा पुरुषका लागि छुटाछुटै शौचाललको निर्माण तथा युरीनलको व्यवस्था समेत गरिएको सबल नेपालका कार्यक्रम संयोजक प्रमेश्वर झाले बताए ।

उक्त अवसरमा शौचालय निर्माण गरेको संस्था महुली सामुदायीक विकास केन्द्रका अध्यक्ष प्रभुनारायण चौधरीले प्रतिवेदन प्रस्तुत तथा सार्वजनिक शौचालयको महत्व तथा उद्देश्यबारे एसएनभि नेपालका कृष्ण जिसिले गरेका थिए ।

सार्वजनिक शौचालय निर्माण गर्नु ठुलो कार्य नभई यसलाई नियमितरुपमा संचालन गर्नु ठुलो रहेकोले आगामि दिनमा विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि नियमितरुपमा संचालन गर्ने वडा अध्यक्ष राकेश साहले प्रतिबधता जनाए ।

यसैगरी खडग नगरपालिका वडा न.. ६ स्थित एसएनभि नेपालको सहयोगमा एवं खडक नगरपालीकाको समन्वयमा सबल नेपालद्धारा ३ लाख ५० हजारको लागतमा दिसाजन्य लेदो व्यवस्थापनको लागि ट्रेन्च निर्माण गरीएको छ ।

यस प्रविधि अर्न्तगत आउने दिनमा निजी तथा सार्वजनिक शौचालय भरीए पछि दिसाजन्य लेदोलाई शौचालयदेखि ट्रेन्चमा सुरक्षित बिर्सजन गरीने सबल नेपालका प्रमेश्वर झाले बताए ।

हाल विभिन्न दिसा ढुवानि गर्ने संस्थाले घरबाट गाडिमा दिसा संकलन गरी यत्रतत्र फयाँक्ने गरेको पाईन्छ जसले गर्दा बातावरण प्रदुषित हुने, विभिन्न प्रकारका दिसाजन्य रोगहरु लगि महामारी समेत हुन सक्ने खतरा रहेकोले यस्ता प्रविधिको प्रयोग गर्नाले खतराहरुबाट मुक्त हुन सकिने उनको भनाई छ ।

वडा नं ७ का वडा अध्यक्ष राकेश कुमार साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत महिनारायण चौधरी, एसएनभि नेपालको वास एडभाईजर कृष्ण जिसि, स्वास्थय समन्वय प्रमुख जयकान्त पण्डित, कार्यपालीका सदसय अरहुलीया देवी मण्डल, महुली समुदाय विकास केन्द्रका अध्यक्ष प्रभुनारायण चौधरी, सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झा लगायतको सहभागिता रहेको थियो ।

# कुटपिटको आरोप निराधार : बिन्दु



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरीको महदेवा गाउपालिका वडा नं. १ सोनराका राधेश्याम यादबलाई कुटपिट गरेको समाचार निराधार रहेको भन्दै आरोपित बिन्दु यादवले समाचारप्रति आपत्ति जनाएका छन् ।

शुक्रवार बिन्दु यादब लगायतले संचारकर्मीसँग कुराकानी गर्दै सोनराका राधेश्याम यादब र उनका भाई सुनिल र काका माथि कुनै सांघातिक आक्रमण नगरेको दाबी गरे ।

बिन्दुले राधेश्याम लगायत उनका परिवारसँग भेटघाट समेत नभएको अबस्थामा कुटपिट गरेको भन्ने झुठो अफवाहा फैलाएर चरित्रहत्या गर्न खोजेको बताए ।

उनले चरित्र हत्या गर्ने, बदनाम गर्ने ब्यक्तीहरूको गाउँमा अराजक गतिबिधि बढाउने तथा समाजिक सद्भाव बिग्रार्ने काम बन्द गर्न आग्रह गर्दै सत्यतथ्य छानबिन गरी दोषी माथि कारवाही गर्नु पर्ने माँग गरे ।

यता बिहिवार राधेश्याम यादबले एक बिज्ञप्ति जारी गर्दै मंजित यादब, संजित यादब, निरज यादब लगायतले बिना कुनै कारण भाई सुनिल र काका माथि सांघातिक आक्रमण गरि घाईते बनाएको आरोप लगाएका थिए । उनले शान्ति सुरक्षाको व्यवस्था मिलाउन समेत प्रशासनसमक्ष आग्रह गरेका थिए ।

# ट्र्याक्टरको ठक्करबाट एकको ज्यान गयो अर्का एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरीको बोदे बसाईन नगरपालिका ५ मा ट्र्याक्टरले ठक्कर दिँदा बिहीबार साँझ एक युवकको ज्यान गएको छ । सोही दुर्घटनामा अर्का एक जना घाइते भएका छन् ।

मृत्यु हुनेमा बोदे बसाईन नगरपालिका ७ हैठीका २३ वर्षीय सुजितकुमार यादव रहेको प्रहरी कार्यालय बोदे बसाईनले जनाएको छ ।

दक्षिणबाट उत्तरतर्फ आउँदै गरेको स१त ४६९३ नम्बरको ट्र्याक्टरले अनटेष्ट मोटरसाइकललाई ठक्कर दिदाँ मोटरसाइकल चालक यादवको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय बोदे बसाईनका प्रहरीले जनाएको छ ।

ट्र्याक्टरको ठक्करबाट मोटरसाइकलमा पछाडि सवार सोही ठाउँका धर्मेन्द्रकुमार यादव गम्भीर घाइते भएको र उनलाई उपचारका लागि बिराटनगरतर्फ पठाएको प्रहरीले जनाएको छ ।

यता घटनापछि चालक ट्र्याक्टर छाडेर भागेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।


## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*